# सुनेको कथा



मधुसूदनप्रसाद घिमिरे

# सुनेका कथा

बालकथा (पौराणिक) सङ्ग्रह

मधुसूदनप्रसाद घिमिरे

| | |
|---|---|
| पुस्तक | : सुनेका कथा |
| विधा | : बालकथा (पौराणिक) सङ्ग्रह |
| प्रकाशक | : आफै |
| चित्र | : शान्ता हिताङ |
| प्रकाशनकाल | : २०५८ |
| प्रकाशन प्रति | : १००१ |
| कम्प्यूटर सेटिङ्ग | : जमुना भट्टराई |
| मुद्रक | : *ए.वी. सेक्रेटरीयल एण्ड प्रिन्टर्स* |
| | बागबजार, फोन २४३९३६, २५३१०१ |
| मूल्य | : व्यक्तिगत रुपमा रु १०/- |
| | संस्थागत सहयोग रु ५०/- |

ISBN : 99933-517-4-1

# सुनेका कथा

कथाका उत्पत्तिका वारेमा भन्नुपर्दा पौराणिक कालदेखि नै कथाको शुरु भएको पाइन्छ । याज्ञवल्क्यका कथा, देवयानीका कथादेखि अरस्तु जस्ता वैज्ञानिकका कथा आदि धेरै छन् ।

पछिका काल्पनिक कथाहरूमा दन्त्य कथाको प्रचलन वढेको देखिन्छ । जस्तै- सिसिर, वसन्तको कथा, सुनकेश्री मैयाँको कथा, नलराजा, दमयन्ती रानीको कथा इत्यादि ।

पौराणिक कथाका क्रममा समय-समयमा आफुले सुनेका पुराणका कथाहरूलाई मैले यी कथाका विषय वनाएको छु । वास्तवमा हिन्दुधर्म उदार र महान धर्म हो । हिन्दु धर्मका धेरै हाँगाहरू भएकोले एक मुरी तिलमध्ये एक गेडा तिलजति पनि मैले धर्म बुझेको छैन । तैपनि आफूले जे जस्तो सुनेको छु त्यसलाई सरल भाषामा भाइ-वहिनीहरूका सामु राखिदिने प्रयत्न गरेको हुँ । सानै उमेरदेखि आफ्नो धर्म संस्कृतिको बारेमा केही न केही बुझ्ने इच्छा राख्ने वाल-बालिकाहरूका लागि यो उपयोगी ठहरियो भने आफूलाई धन्य ठान्ने छु ।

विज्ञान, वातवरणदेखि व्यावहारिक कुराका साथै यस्ता पौराणिक कथाले पनि वाल-साहित्यमा स्थान पाउनुसक्ला कि भन्ने विश्वास राख्दै, अन्त्यमा मलाई साहित्यिक क्षेत्रमा लागिरहन प्रेरणा दिने, सहयोग दिनेहरूमा साहित्यकार परशु प्रधान, कवि ओमवीरसिंह वस्न्यातका साथै यी कथाहरूलाई परिमार्जन गरिदिने समालोचक श्री रघु घिमिरे र चित्रद्वारा पुस्तक सजाइदिने शान्ता हिताङ र सहयोगस्वरूप कम्प्युटर गरिदिने वहिनी जमुना चापागाईंप्रति आभार व्यक्त गर्दछु ।

– मधुसूदनप्रसाद घिमिरे

# विषय सूची


| कथा | पृष्ठ |
|---|---|
| दक्षको अभिमान | १-५ |
| बाबु को हो ? | ६-१० |
| आफ्नो समूह | ११-१४ |
| समुद्र मथन | १५-१९ |
| बालक ध्रुव | २०-२८ |

# दक्षको अभिमान

ब्रह्माजीका आठ भाइ छोराहरू थिए । तिनीहरूलाई अष्ट प्रजापति भनिन्थ्यो । ती अष्टप्रजापतिमध्ये एक दक्षप्रजापति थिए । तिनका तेत्तीसकोटी कन्या थिए । जसमध्ये एक छोरी सतिदेवी थिइन् । दक्ष प्रजापतिले तेत्तीसकोटी कन्याहरूलाई तेत्तीसकोटी देवताकासाथ विधिकपूर्व विवाह गराए । तर सतिदेवी एउटी छोरीलाई भने उनले विवाह गरिदिएनन् । किनकी उनका छोरा थिएनन् । घरको हेरचाह गर्न सतिदेवीलाई बिहे नगरी राखेको थिए । तेत्तीसकोटी देवताहरूले विवाह गरेको शिवजीले सुने । शिवलाई पनि विवाह गर्ने मन भयो । ध्यानदृष्टिले विचार गरी कन्या खोजे । सतिदेवी विवाह गर्न बाँकी रहेको थाहा पाए । ती कन्या माग्न दक्षप्रजापतिका घरमा शिव आफैं गए । दक्षप्रजापतिले शिवलाई निकै हेला गरे । आफ्नी छोरी उनलाई नदिने भनी पठाए । तर शिवलाई सतिदेवी निकै मन परेको थियो । ती कन्या आफूलाई पारीदिनका लागि विष्णुकाहाँ गएर विन्ती गरे । विष्णु आफैं दक्षप्रजापतिकहाँ गए । आफ्नै लागि भनी कन्या मागे । विवाह गर्ने तिथि निश्चित गरि आए । कन्यादानको समय भयो । विष्णुले छल गरि सतीदेवीको हात शिवको हातमा पारी दिए ।



अनि विष्णु अन्तर्ध्यान भए । यस्तो देखेर दक्षप्रजापतिले मनमा पीर गरी आफ्नी छोरी सतीदेवी शिवकासाथ पठाए । केही दिनपछि दक्षप्रजापतिले एउटा ठूलो यज्ञ गर्न शुरु गरे । आफ्ना तेत्तीसकोटी ज्वाईं-छोरी र अन्य देवता, ऋषिलाई निम्ता पठाए । तर सतिदेवी र शिवलाई भने निम्ता पठाएनन् । यज्ञ शुरु भएपछि नारद ऋषिले चारैतिर हेरे । यज्ञमा शिवलाई देखेनन्, अनि तुरून्त नारद कैलाश पुगे र शिवलाई सबै विन्ती चढाए । सतीदेवीले आफ्नो बाबाको यज्ञ हेर्न जान मन गरिन् । शिवले नजाउ भनेर रोक्ता पनि मानिनन् । सतीदेवी नारद ऋषिको साथमा गइन् । पिता दक्षप्रजापति र माता विरणीकहाँ पुगी आफूलाई नडाकेकोमा दुःख पुकार गरिन् । दक्षप्रजापतिले- 'तँलाई डाक्ता तेरो पति शिव पनि पछि लागि आउला भनेर तँलाई पनि नडाकेको हो । तेरो पति यस यज्ञको लागि लायक छैन । तँ दिक्क नमान्' भनी सम्झाए । सतिदेवीले मनमा पीर गरीन्, आफ्ना पतिलाई हेला गरेको हुँदा शिवको नाम लिई यज्ञ कुण्डमा सतिदेवी हामफाली मरिन् ।

यो देखी फेरि नारद ऋषि शिवकहाँ गई सबै व्यहोरा विन्ती गरे । शिव पनि दक्षदेखि खुव रिसाए । दक्षप्रजापतिलाई दुःख दिई यज्ञ नास गर्न शिवले आफ्ना जटाबाट वीरभद्र र

महाकाली उत्पन्न गरी पठाए । वीरभद्र र महाकालीले दक्षप्रजापतिको यज्ञ ध्वस्त पारे । सबै देवता र ऋषिलाई भगाए, दक्षप्रजापतिको शिर काटी यज्ञ कुण्डमा होमीदिए ।



यो देखेर दक्षप्रजापतिकी पत्नी विरणीले रुँदै वीरभद्र र महाकालीसँग विलौना गरिन् । विरणीले शोक गरेको देखेर देवताहरूलाई दया लाग्यो । अनि वीरभद्र र महाकालीलाई देवताबाट यस्तो आकाशवाणी भयो- "दक्षलाई व्युँताई दिनु" यो सुनेर वीरभद्र र महाकाली विरणीलाई भन्छन्- "हेर विरणी ! तिम्रो पति पशु हो । शिवलाई निन्दा गऱ्यो, अफ्नो छोरी पनि माऱ्यो । त्यसलाई कसरी विउँताउने ! दक्षको टाउको यज्ञमा होमिसकियो । यज्ञमा होम दिएको बोकाको टाउको छ । त्यो बोकाको टाउकोलाई पछाडि मुख फर्काई विउँताइदिन्छौं" वीरभद्र र महाकालीको यस्तो कुरा सुनेर वीरणीले मनमा खुशीमानी भनिन्- 'धन्य वीरभद्र-महाकाली ! धन्य शिव मेरो पतिलाई बचाइदिनुभएकोमा म खुशी भएँ ।

# बाबु को हो ?

कुनै समयमा हिरण्यकश्यपु नाम गरेको एक जना दैत्य थियो । उसकी पत्नीको नाम कयाधु थियो । हिरण्यकश्यपुले धेरै दिनसम्म ब्रह्माको तपस्या गऱ्यो । ब्रह्मा खुसी हुनुभयो । हिरण्यकश्यपुलाई वरदान दिँदै ब्रह्माले भन्नुभयो- 'तिमी धेरै बलावान् र शक्तिवान् हुनेछौ । देवताहरूलाई जित्नेछौ । स्वर्गको भोग पनि गर्नेछौ ।' यस्तो वरदानले हिरण्यकश्यपु मात्तियो । सबै देवतालाई उसले दुःख दिन थाल्यो । इन्द्रले रिसाएर हिरण्यकश्यपुकी श्रीमती कयाधुलाई छल गरी भगाउनु भयो । त्यतिबेला कयाधु गर्भिणी थिइन् । यो कुरा नारद ऋषिलाई थाहा भयो ।

नारदले इन्द्रसँग सल्लाह गरी कयाधुलाई आफ्नो आश्रममा लानुभयो । कयाधुको गर्भको बच्चालाई ऋषिले ज्ञान दिलाउनु भयो । महिना पूरा भएपछि बच्चा जन्मियो । उसको नाम भक्त प्रल्हाद राखियो । त्यो बालक भगवान्को रूपमा जन्मिएको थियो । बच्चा जन्मनासाथ विष्णु, शिव, ब्रह्माले प्रल्हादलाई शक्ति ज्ञान दिए । बच्चा ज्ञानी हुँदै गयो ।

हिरण्यकश्यपुले यो कुरा थाहा पायो । ऋषिको आश्रममा

गएर उसले आफ्नी पत्नी र छोरालाई आफ्नो दरबारमा ल्यायो । छोरालाई दैत्य गुरु शुक्राचार्यको आश्रममा उचित शिक्षा-दिक्षा, पठन-पाठनका लागि पठाइयो । दैत्यको उद्देश्य भगवान्‌को निन्दा गर्नु थियो । आफुले स्वर्गको भोग गर्नु थियो । त्यो आश्रममा भगवान्‌को निन्दा गरी पढाउने गरिन्थ्यो । भक्त प्रल्हादलाई यस्तो कुरा मन परेन । उनले ॐ हरिका नाम जपिरहे । शुक्राचार्य र उनका अन्य शिष्यलाई पनि प्रल्हादले अर्ती-उपदेश दिन थाले । यस्तो देखि शुक्राचार्यले भक्त प्रल्हादलाई हिरण्यकश्यपुको दरबारमा फिर्ता गर्दै भने- 'यो बालक हठी छ । हामीले भनेको मान्दैन, त्यसैले म पढाउन सक्तिनँ ।'

यस्ता कुरा सुनेपछि हिरण्यकश्यपुले आफ्नो छोरालाई धेरै सम्झायो । दैत्य कुलको शत्रु भगवान्‌को नाम नजप्नाका लागि उसले डर-त्रास देखायो, तर प्रल्हादले मानेनन् । हिरण्यकश्यपु धेरै रिसायो र छोरालाई मार्न पठायो ।

हिरण्यकश्यपुका दूतले भक्त प्रल्हादलाई धेरै सम्झाए । तरबारको डर देखाए । डाँडाबाट फालिदिए, समुद्रमा हालिदिए । बलेको आगोमा पनि राखिदिए । हात्तीलाई कुल्चाउन लगाए ।



जे गर्दा पनि भगवान्को भक्तिका कारण प्रल्हाद मरेनन् । उनको अनुहार हँसिलो र उज्यालो हुँदै गयो । हिरण्यकश्यपुको पनि अत्याचार बढ्दै गयो ।

भगवान् विष्णुले हिरण्यकश्यपुलाई मार्नका लागि फट्टिकको खम्बाबाट नृसिंह अवतार लिनुभयो । त्यतिबेला सूर्य अस्ताई रातका चन्द्रमा उधाउन बाँकीको साँझ समय थियो । त्यही समयमा नृसिंह अवतार भगवान्ले हिरण्यकश्यपुलाई काखमा राख्नुभयो । त्यसपछि आफ्नो हातको नङलाई तरबारजस्तै बनाउनुभयो । अनि त्यही तरबारले हिरण्यकश्यपुको भुँडीमा छेडी तिघ्रा च्याती हिरण्यकश्यपुलाई मार्नुभयो ।

बाबु भएर आफ्नो सन्तानलाई पटक-पटक मार्न लगाउँछ । आफैं पनि मार्न खोज्छ भने त्यो बाबु बच्चाका लागि बाबु नै हुन सक्छ त ?



# आफ्नो समूह

एक दिनको कुरा हो । पक्षीराज गरूड ज्ञानको खोजीमा हिंडेका थिए । हिंड्दा हिंड्दा उनी भगवान् शिवकहाँ पुगे । पक्षीराजले आफूलाई ज्ञान दिनु पर्‍यो भन्ने अनुरोध भगवान् शिवलाई गरे । भगवान् शिवले हाँसेर भने- 'म भन्दा ज्ञानी त नारद ऋषि पो हुन् । उनले सबैलाई ज्ञान दिने काम गर्छन् । सबैको असल र खराव गुणको बखान गर्दछन् । उनैसँग ज्ञान लिन जाऊ । भगवान् शिवको यस्तो कुरा सुनेर पक्षीराज गरूड नारद ऋषिकहाँ पुगे । गरूडले नारदलाई सबै कुरा भने ।

नारदले पनि मुसुक्क हाँस्दै जवाफ दिए- 'पक्षीराज ! कुरा त साँचो हो म असल-खराब सबैको बखान गर्छु । त्यो बाहेक खराब बाटो हिंडेकालाई असल बाटो देखाइदिने दायित्व पनि मेरो हो । तर मलाई ब्रह्माजीले आदेश नदिई म तिमीलाई ज्ञान दिन सक्तिनँ ।'

यसपछि पक्षीराज गरूड ज्ञानको खोजीमा ब्रह्माजीको शरणमा गए । गरूडले आफु आउनुको सबै कारण ब्रह्माजीलाई सुनाए । त्यसपछि ब्रह्माजीले भने- 'गरूड ! ज्ञान पाउन परिश्रम गर्नुपर्छ, तपस्या गर्नुपर्छ । आफू पनि



ज्ञानी बन्न सक्नुपर्छ । मैले त दैनिक कार्य गरी दिन गुजार गर्ने गरेको छु । मबाट तिमीले उचित ज्ञान पाउन सक्दैनौ । म तिमीलाई ज्ञान दिनसक्ने ज्ञानीको बारेमा भन्छु सुन ।'

'यहाँबाट धेरै टाढा चित्रकुट नामको पर्वत छ । त्यो पर्वतको फेदीमा यौटा काग छ । त्यो कागले धेरै वर्षसम्म भगवान्को तपस्या गरेको थियो । भगवान् खुसी भएर उसलाई वरदान दिएका थिए । अहिले उसले ज्ञान प्राप्त गरिसकेको छ । उसलाई हामी सबै कागभुसुण्डी भन्छौं । चित्रकुट पर्वको फेदीमा त्यो कागभुसुण्डी भगवान्को पुजा गरी भगवान्को नाम प्रचार गरी बसिरहेको छ । त्यस्ता तपस्वीले तिमीलाई ज्ञान दिन सक्छन् । तिमीलाई उचित ज्ञान लिन मन भए त्यहीं जाऊ ।

साँच्चै पक्षीराज गरूड पनि त्यहाँबाट हिंडे । राम-राम जप्दै आकाशमा उडेर चित्रकुटतर्फको बाटो लागे । धेरै दिनको खोजीपछि गरूडले चित्रकुट पर्वत फेलापारे । त्यहाँ कागभुसुण्डीलाई पनि भेटे । गरूड आफू पक्षीराज हो तापनि कागलाई तपस्वी मानी गरूडले ढोगिदिए । कागभुसुण्डीसँग ज्ञानका कुराहरू सिके ।

गरूडले विचार गरे- 'समाज भनेको आफ्नै समूहभित्रका नै हुँदा रहेछन् । म ज्ञान सिक्न ठूला-ठूला देवताहरूकहाँ



गएँ । आखिर हाम्रो समाजका पंक्षीमध्ये काग नै यस्ति धेरै ज्ञानी रहेछ । आफ्नो समाज, आफ्नो हैसियतलाई विचार गरी काम गरेदेखि लक्ष्यमा पुग्न सकिने रहेछ । आफ्नै समूहभित्र नै असल खराब चिन्न सक्नुपर्दो रहेछ । जति ठूलो ठाउँमा पुगे पनि आखिर काम लाग्ने त आफ्नै समूहभित्रको साथी पो हुँदो रहेछ । यस्ता तर्क-वितर्क गर्दै गरूडले कागभुसुण्डीबाट आफुले चाहेको ज्ञान लिए ।

# समुद्र मथन

पौराणिक कालमा इन्द्र महाराजलाई दुर्वासा ऋषिको श्राप पऱ्यो । त्यो श्रापबाट इन्द्रले इन्द्रासनबाट खस्नु पऱ्यो । त्यो इन्द्रको आसनमा दानवराज बली गएर बस्यो । इन्द्रको आसन फेरि इन्द्रको हातपार्न भगवान् विष्णु, इन्द्र र नारद ऋषि लगायत अन्य देवताहरू शिवको शरणमा गए । शिवले भने- 'ऋषि दुर्वासाको श्राप टार्न म सक्तिन ।' त्यसपछि दानवराज बलीलाई इन्द्रको आसनबाट भगाउनका लागि योजना बनाए । शिवले समुन्द्र मथनको प्रस्ताव देवताहरूका अगाडि राखिदिनु भयो ।

सोही मुताविक मन्दराचल पर्वतको मदानी र शेष नागको नेती बनाएर समुद्र मथन गरे । एकातिर देवताहरू र अर्कोतिर दानवहरू काममा खटिए । यसै प्रकारले समुद्र मथन गरियो । समुद्र मथन गरेपछि त्यहाँबाट वहुमूल्य वस्तुहरू निस्किदै गए । जसमध्ये विष र अमृत पनि निस्कियो । विष जहाँ राख्यो त्यो ठाउँ बल्न सक्ने डर भयो । देवताहरूलाई आपत पऱ्यो । उनिहरूले शीवलाई सोधे- 'यो विष कहाँ राखूँ ।'

शिवले त्यो विष आफ्नो हातमा लिए र खाए ।



विषले शिवलाई डाहा भयो । डाहा शान्त पार्न शिव पृथ्वीमा जहाँतही हिड्न लागे । त्यसरी हिडेर पनि विषको डाहा मेटिएन । एक ठाउँमा आफ्नो हातको त्रिशुल भूँइमा गाडे । त्यहाँबाट धेरै पानी निस्कियो । त्यो पानीले पोखरीहरू बने, यौटा पोखरीमा गएर शिव सुत्नु भयो । त्यो ठाउँलाई गोसाइकुण्ड भनिन्छ । अहिले त्यो पोखरी नेपालको रसुवा जिल्लामा पर्छ ।

धेरै पानीहरू निस्किएर शिवलाई भने- 'यो पोखरी मात्र भएर म अड्न सक्तिन । मेरो त बग्नेवानी छ प्रभु ! म कहाँ जाउँ ? पानीलाई शिवले जवाफ दिए- "मेरो शिर जटामा नै तिमी छौ, तिमी गंगा हौ । पवित्र नदी बनेर यो पृथ्वीमा तिमीले वहनु पर्छ । मेरो त्रिशुल गाडेर निस्किएको पानी हुनाले तिमी त्रिशुली नदीको नामले प्रख्यात हौला । यहाँ यो गोसाइ कुण्डमात्र नभई भैरब कुण्ड, स्वरस्वती कुण्डसमेत गरि तीन कुण्ड रहने छन् ।

अरू देवताहरूले शिवलाई नमस्कार गर्दै भने- 'हाम्रो दु:ख हजुरले नास गरी दिनु भयो । हजुरलाई नमस्कार छ ।' यसैबिच देवताहरूले शिवको गला विषले नीलो भएको देखे । शिवको घाँटी नीलो भएको हुनाले देवताहरूले शिवलाई निलकण्ठ भनेर पूजा गरे ।

समुद्र मथन गर्दा अमृत पनि निस्किएको थियो । त्यो अमृत दानवहरूलाई नदिई देवताहरूले एक्लै खाने योजना बनाए । दानवहरूलाई यो कुरा थाहा भयो । दानवहरूले देवताहरूसँग अमृतको भाग खोसे । दानवहरूले अमृत एक लौटीगरी खाने मिलो मतो गरे ।

दानवहरूको हातमा अमृत परेपछि देवताहरूको मन खिस्रिक्क भयो । विष्णुले रूप बदली मोहनी (ठिटी) रूप बने । दानवहरूको बिचमा मोहनीरूप विष्णु गए । विष्णुले भने- "अमृतलाई बराबरी गरी म बाँडिदिउँ कि ? उनको बोली र व्यवहारमा मोहित पार्ने शक्ति हाउ-भाउ देखिन्थ्यो । दानवहरूले पनि मोहनी रूपलाई विश्वास गरे ।

दानवहरूले अमृतको घडा मोहनीरूपको हातमा दिए । अमृतको भाँडो लिई मोहनीरूप त्यहाँबाट बेपत्ता भए । दानवहरूले नदेख्ने ठाउँमा देवताहरू पुगे । देवताहरू लाइन मिलेर बसे । अमृत बाँडी-चुडि गरी खान लागे । दानवहरूमध्ये राहु पनि छिऱ्यो । देवताहरूले पत्तो नपाउने गरी राहुले आफ्नो हात मात्र घुसाऱ्यो । देवताहरूलाई अमृत बाँड्दै जाँदा राहुको हातमा पनि अलिकति अमृत पऱ्यो । राहुले हत्त न पत्त अमृत मुखमा हाल्यो । राहुले मुखमा अमृत हालेको देवताहरूको लाइनमा बसेका चन्द्र र सूर्यले देखे । उनीहरू



जोडले कराए- "राहुले अमृत खायो । अमृत खायो ।।" देवताहरूमा हल्ली-खल्ली भयो । राहुले भने अमृत निल्न पाएको नै थिएन । बिष्णुले आफ्नो सुदर्शन चक्रले राहुलाई हाने । राहुको शिर काटियो, राहुको मुखमा अमृत परिसकेको हुँदा शिर काटिए पनि राहु मरेन । एक भाइबाट दुई भाइ गिंड र टाउको नै दुई रूपका दैत्य भए । एउटा राहु त छँदै थियो । अर्कोको नाम केतु रह्यो । ती दानवहरू चन्द्र सूर्यसँग धेरै रिसाए । राहु, केतु, चन्द्र सूर्य, पृथ्वी यी सबै ग्रह हुन् । यिनीहरू सधैं एक अर्कालाई नछुनेगरी घुमिरहन्छन् ।

# बालक ध्रुव

मनुका छोरा उत्तानपादका दुइवटी रानी थिए । जेठी रानीको नाम सुनिति र कान्छीको नाम सुरुची थियो । जेठी रानीतर्फका छोरा धुव थिए भने कान्छीतर्फका छोरा उत्तम थिए, दुबै बालक नै थिए । उत्तानपादले जेठी रानीकोभन्दा कान्छी रानीको बचन बढी मान्ने गर्थे । कान्छी रानीले भने- जेठी रानी सुनिति र उनका छोरा ध्रुवदाई बाबु उत्तानपादको माया पाउनबाट पर राख्न खोज्थिन् । आफू र आफ्नो छोरा उत्तम मात्र उत्पादनपादकासाथ रहिरहने कान्छी रानी सुरुचीको चाहना थियो । सुरुचीलाई आफु निकै राम्री छु भन्ने घमण्ड पनि थियो । उत्तानपादलाई आफ्नो बशमा राख्ने सुरुचीको चाहना हुन्थ्यो ।

एक दिनको कुरा हो- उत्तानपाद कान्छी रानी सुरुचीसँग कुरा गरिरहेका थिए । त्यसै समयमा जेठी रांनी सुनितिका छोरा ध्रुव आफ्ना बाबुकहाँ आएर बाबुको काखमा बसे । यो देखेर काँन्छी आमा सुरुचीलाई रिस उठ्यो । उनले उत्तानपादको काखबाट ध्रुवलाई तान्दै भनिन्- 'तँ यहाँ बस्न पाउँदैनस्, यो काख त मेरो छोरो उत्तम बस्ने काख हो । तँ यहाँबाट बाहिर जा' सानी आमाको यस्तो कुरा सुनेर ध्रुवले



सोधे- 'मेरो बाबु यिनै हैनन् र ? मैले किन बाबुको काखमा बस्न नपाउने ?' सुरुचीले जवाफ दिइन्- 'यो काखमा बस्न त मेरो कोखबाट जन्म लिनु पर्छ, मेरो ।' ध्रुवले सानी आमाको कुरा सुनेर भने- 'म अर्को जन्ममा तपाईको कोखमा जन्म लिनेछु ।' ध्रुवको यस्तो चाहना सुनेर फेरि सानीआमा सुरुचीले भनिन्- 'अँ तेसै मेरो कोखमा जन्म लिन पाइन्छ र ? भगवान् विष्णुको तपस्या गर्नु पर्छ । भगवान् विष्णुले खुशी भएर बरदान दिएपछि मात्र मेरो कोखमा जन्म लिन पाइन्छ ।'

सानी आमाको यस्तो कठोर बचनले बालक ध्रुवको मनमा पिर पर्‍यो । अध्याँरो मुख लगाएर ध्रुव त्यहाँबाट बाहिर निस्किए । सुरुचीले ध्रुवलाई यसरी कोठाबाट बाहिर पठाउँदा पनि ध्रुवका पिता उत्तानपादले एक शब्द पनि बोलेनन् । हेरि मात्र रहे ध्रुवको पक्षमा उनले बोले भने सुरुची रिसाउँछिन् भन्ने उनलाई डर थियो । सुरुचीको रूप सौन्दर्य हेरेर नै उत्तानपाद दङ्ग पर्थे । यसकारण जेठी रानी सुनिति र छोरा ध्रुवलाई माया दिन सकेका थिएनन् ।

एक रातको कुरा हो- आमा सुनिति र छोरा ध्रुव सुतिरहेका थिए । ननिदाएका ध्रुवले आमातर्फ हेरे । आमा मस्त निदाएकी देखे । सानी आमाको बचन उसको मनमा गडिरहेको थियो । यसै समयमा ध्रुव घरबाट बाहिर निस्किए ।

सुनसान रातमा ध्रुव हिड्न थाले । एकान्तमा गएर भगवान् विष्णुको तपस्या गर्नुनै उनको लक्ष्य थियो । विष्णुबाट बरदान पाउनु थियो । दिनरात उनी हिंडिरहे । ध्रुवले विष्णुको तपस्या गर्न हिँडेको कुरा इन्द्रलाई थाहा भयो । ध्रुवले गर्ने तपस्यामा बाधा पुऱ्याउनका लागि इन्द्रले दूतहरू पठाए ।

बालक ध्रुव विष्णुकहाँ भेटिन्छन् भनेर मनमा विष्णुको नाम सम्झेर जंगलमा हिँडिरहेका थिए । इन्द्रले पठाएका दूतहरू ध्रुवको अगाडि डरलाग्दो गरि उभिएर भने- 'तिमी एक्लै कहाँ जान लागेको ?' ध्रुवले आफ्नो मनको कुरा भनिदिए ।

बिहान भएपछि उनी त्यहाँबाट हिंडे । यौटा जंगलमा पुगे । त्यहाँ यौटा रुखमुनी बसेर तपस्या गर्न लागे ।

ध्रुवकी आमा सुनितिले छोरा घर छाडि भागेको थाहा पाइन् । रुँदै गएर उनले आफ्ना पति उत्तानपादलाई भनिन् । उनको करुण रुवाइले उत्तानपादका पिता मनु पनि चिन्तित भए । मनुले छोरा उत्तानपादलाई भने- "तिमीले घरमा न्याय गर्न सकेनौ । दुबै रानी र दुबै छोरालाई बराबर माया दिन नसक्दा आज ध्रुव घर छोडेर गयो । अब तिमीले तुरुन्त ध्रुवको खोजी गर । यदि ध्रुवलाई केही भइहाल्यो भने तिमिले क्षमा पाउने छैनौ । पुरुष भएर नारी सुन्दरतामा मात्र ध्यान

दिने न्याय अन्याय छुट्याउन नसक्ने नालायकलाई समाजले घृण गर्न सक्छ' भन्दै मनु रिसाए ।

पिता मनुका बचन उत्तानपादलाई गड्यो । उनले छोरा ध्रुवलाई माया दिन नसकेको कुरा महसुश गरे । त्यसपछि जेठी रानी सुनितिलाई साथ लिई छोरा ध्रुवको खोजमा उत्तानपाद हिडे । दिन रात ध्रुव...! ध्रुव...!! भन्दै बोलाउँदै खोज्दा पनि पाउन सकेनन् । आखिरमा नारद ऋषिसँग उनीहरूको भेट भयो । नारदलाई ध्रुवको सम्बन्धमा धेरै कुरा थाहा थियो । नारदले उत्तानपाद र सुनितिलाई सम्झाई बुझाई घर फकाई दिए ।

बालक ध्रुव तपस्यामा बसिरहेको समयमा लक्ष्मीले ध्रुवलाई हेरचाह गर्न सिंहलाई अराइन् । बालकलाई भोक, प्यास मेटाउन खाना पानीको व्यवस्था मिलाई दिइन् । ध्रुवको तपस्यामा सबै देवताहरूले ध्यान दिइरहेका थिए । ध्रुवले गरेको तपस्या विफल पार्न इन्द्रले अग्निलाई पठाए । अग्निले जङ्गलभरि डढेलो लगाए । लक्ष्मीका संरक्षणमा रहेका विष्णुभक्त ध्रुवलाई अग्निले पीडा गरेनन् । आखिर इन्द्रले फेरि आगो निभाउन अग्निलाई पठाए ।

नारद ऋषिले ध्रुवलाई हेरचाह गरिरहे । तपस्याका बारेमा ध्रुवलाई मार्गदर्शन गरिरहे । खाना खाएर तपस्या



गर्दा ध्रुवले विष्णुको दर्शन पाउन नसकेपछि खाना नखाइ तपस्या गर्न ध्रुवलाई नारदले सल्लाह दिए । त्यति गर्दा पनि ध्रुवले विष्णुको दर्शन पाउन नसकेकाले पानी पनि नखाई तपस्या गर्न नारदले ध्रुवलाई भने । नारदको निर्देशन अनुसार ध्रुवले तपस्या गरिरहे । यस्तो कठोर तपस्या गर्दा ध्रुव घरिघरि मुर्छा पर्थे । मुर्छाबाट ब्युतेपछि फेरि तपस्यामा लागिहाल्थे ।

इन्द्रले ध्रुवको तपस्या भंग गर्न नसकेपछि अन्य देवताहरूसहित इन्द्र ब्रह्माजीको शरणमा गए । ब्रह्माजी पनि ध्रुवको तपस्थाबाट मोहित भएका थिए । नारद ब्रह्मा, इन्द्र आदि देवताहरू विष्णु कहाँ गए । ध्रुवले गरेको तपस्याका बारेमा विष्णुलाई सबै व्यहोरा निवेदन गरे । विष्णुलाई सबै व्यहोरा पहिलादेखि नै थाहा थियो । सबै देवताहरूले विष्णुलाई भने- 'विचरा ध्रुवले धेरै कठोरसँग हजुरको तपस्या गरिरहेको छ । तपाईले उसलाई दर्शन दिनुपर्‍यो ।'

ब्रह्मासहित सबै देवताहरूको आग्रहलाई विष्णुले नकार्नसक्नु भएन । ध्रुवले तपस्या गरेको स्थानमा विष्णु तुरुन्त जानुभयो । ध्रुवलाई दर्शन दिँदै विष्णुले भन्नुभयो- 'बालक तिमीले ठूलो कष्ट गरेर मेरो तपस्या गर्‍यो । म तिमीदेखि शुखी छु, तिमीलाई दर्शन दिन म आएको छु । ध्रुव.. ! तिमी धन्य छौं ।' बालक ध्रुवले विष्णुको यस्तो वचन

सुनेर खुशी भइ भने- 'प्रभू मेरो नमस्कार स्वीकार गरिबक्सनोस् । मलाई दर्शन दिनुभयो, म धन्य भए मेरो मनमा केही प्रश्नहरू रहेका छन् । प्रभुबाट म ती प्रश्नको जवाफ पाउन चाहन्छु ।

विष्णुले खुशी हुँदै भन्नुभयो- 'आउ बालक म तिमीलाई काखमा लिन्छु ।' ध्रुव खुशी हुँदै विष्णु नजिक आए । विष्णुले ध्रुवलाई काखमा राखी भन्नुभयो- 'के भन्नु छ ध्रुव ! सोध मलाई के सोध्नु छ सोध ।' विष्णुको आग्रह अनुसार ध्रुवले आफ्नो प्रश्नहरू भन्न थाले- 'मैले मेरो पिताको काखमा बस्दा मेरी सौतेनी आमाले काखबाट हटाइदिनुभयो । त्यो काखमा बस्न मेरो कोखमा जन्म लिनुपर्छ' भन्नुभयो प्रभु यो कसरी हुन्छ । ध्रुवको यस्तो कुरा सनेर विष्णुले मुसुक्क हाँसी ध्रुवको टाउकोमा सुमसुम्याउनुभयो । यसरी सुमसुम्याउँदा विष्णुले ध्रुवलाई ज्ञान दिनुभयो । एकै क्षणपछि विष्णुले फेरि सोध्नुभयो- 'बालक ध्रुव ! अझै तिमीले केही प्रश्न सोध्नु छ कि ?

ध्रुवले जवाफ दिए- 'प्रभू ! मलाई केही प्रश्न सोध्नु छैन । मलाई सबै ज्ञान बक्सियो । अब म सधैंभरि प्रभूको चरणमा सेवा गर्न पाउँ ।' यस्तो भक्तिपूर्वक ध्रुवले बोलेको सुन्दा विष्णुले ध्रुवलाई भन्नुभयो- 'बाबु ध्रुव ! अब तिमी

आमा बाको दर्शन गर्न घर जाउँ, तिम्रो यश कीर्ति बढ्नेछ । संसारमा चम्किलो भएर तारागणमध्ये ध्रुवताराका नामले चम्किरहन पाउने छौ । सबैले तिमीलाई सम्झने छन् । तिम्रो नाम काम अमर रहने छ ।

बालक ध्रुवले साहसिलो काम गरि ज्ञान पाए । मानिसले आँटेर काम गऱ्यो भने गर्न नसकिने कुरा केही छैन भन्ने दृष्टान्त ध्रुवले समाजमा देखाए । बालक ध्रुव घर गई पहिले उनले सानीआमालाई ढोग गरि अनिमात्र आफ्ना बा आमाकहाँ भेट गरे ।

नाम : मधुसूदनप्रसाद घिमिरे

ठेगाना : शान्तिनगर, नयाँ बानेश्वर, काठमाडौ

फोन नं. ४८३०१७

जन्म मिति : २०१३/१/९

## प्रकाशित कृतिहरु

१. नलुकेको वास्तविकता (कथा-सङ्ग्रह)

२. सङ्गतको फल (बालकथा-सङ्ग्रह)

३. पुतलीको रङ्ग (बालकविता-सङ्ग्रह)

४. सौतेनी छोरो (गद्य कविता सङ्ग्रह)

५. छेपारोको घर (बालकथा-सङ्ग्रह)

६. माटोको माया (बालकविता-सङ्ग्रह)

७. सुनेका कथा (प्रस्तुत)

## प्रकाशोन्मुख कृतिहरु

१. कथा-सङ्ग्रह

२. गद्यकविता-सङ्ग्रह

३. पद्य कविता-सङ्ग्रह

४. बालकथा-सङ्ग्रह

## सम्बद्ध संस्थाहरु

१. वाणी प्रकाशन, विराटनगर

२. सुगन्ध प्रकाशन, काठमाडौं ।

३. नेपाल बाल साहित्य समाज

४. जनमत मासिक

## पुरस्कार

१. वाणी प्रकाशनबाट प्राप्त नवक्षितिज साहित्य पुरस्कार- २०५८

ISBN : 99933-517-4-1